नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
(------------------------------- शाखा)

टेलिफोन न. 6630088
6634119
6630588
फ्याक्स न. 6630797
नोटिसबोर्ड : १६१८०१६६३०७९७
www.moecdc.gov.np
सानोठिमी, भक्तपुर

पत्र सङ्ख्या :- २०८०/०८१
चलानी न. :- २१३

मिति :

मिति २०८०।०८।१४

विषय : ऐच्छिक विषयको विद्यार्थी मूल्याङ्कनसम्बन्धी सूचना !

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुसार विद्यालय शिक्षा कक्षा १ देखि १२ का अनिवार्य विषयको पाठ्यक्रम कार्यान्वयन भई मूल्याङ्कन प्रणालीसमेत लागु भएको सन्दर्भमा कक्षा ९ र १० का ऐच्छिक विषयका हकमा साबिककै पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयनमा रहेका कारण विद्यार्थी मूल्याङ्कन अभिलेख अर्थात् विद्यार्थी प्रगति अभिलेख तयार गर्दा केही प्राविधिक समस्या देखिएको भनी शिक्षक तथा विद्यालयबाट गुनासो आएकाले उक्त विषयमा, कम्प्युटर विषयलगायत ५० % प्रयोगात्मक परीक्षा हुने गरी निर्धारण भएका विषयका हकमा राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ बमोजिम नै हुने गरी र अन्य विषयका हकमा राष्ट्रिय परीक्षा बोर्डको सिफारिससमेतका आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०८०।०८।१० को निर्णयानुसार विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्धारण गरेको विषयगत पाठ्यघण्टा ४ (चार) रहने गरी पाठ्यक्रम अद्यावधिक नहुँदासम्म साबिककै पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्ने र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुसार अवलम्बन गरिएको आन्तरिक मूल्याङ्कन २५% र बाह्य मूल्याङ्कन ७५% रहने गरी विद्यार्थी मूल्याङ्कन र विद्यार्थी प्रगतिको अभिलेखीकरण गर्ने भन्ने निर्णय भएकाले सोअनुरूप गर्नु गराउनुहुन सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि सूचित गरिएको छ ।

वैकुण्ठप्रसाद अर्याल
महानिर्देशक